गोलबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गोलबजार, सिरहा

प्रदेश नं. २, नेपाल

## गोलबजार नगरपालिका नगरकार्यपालिकाको घर नक्सा अभिलेखीकरण सम्बन्धि सूचना ।

(सूचना प्रकाशित मिति :- २०७५/०७/१६)

उपरोक्त सम्बन्धमा यस गोलबजार नगरपालिका नगरकार्यपालिकाको १३ वटै वडाहरु भित्र नगरपालिका गठन हुनु पुर्व निर्माण सम्पन्न भएका घर, टहरा, पक्कि घरहरुको अभिलेखीकरण गर्ने कार्यको लागि यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७५ कार्तिक १५ गतेको बैठक निर्णय अनुसार १३ वटै वडाहरुमा २०७५ कार्तिक १६ गते देखि लागु हुने गरी पुराना घर हरुको अभिलेखीकरण गर्ने कार्य मिति २०७५ माघ मसान्तसम्म[redacted] तपसिल बमोजिमका आवस्यक कागजात संलग्न राखी घर अभिलेखीकरणको लागि आवेदन गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

❖ घर अभिलेखीकरणका लागि पेश गर्नुपर्ने कागजातहरु ।

१. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि – १ प्रति
२. जग्गा धनी नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि – १ प्रति
३. चालु आ.ब. को मालपोत तिरेको रसिदको प्रतिलिपि – १ प्रति
४. घर बनेको जग्गाको ब्लु-प्रिन्ट, फायल, र ट्रेस नक्साको सक्कल प्रतिलिपि – १-१ प्रति
५. निवेदकको पासपोर्ट साईजको फोटो -२ प्रति
६. नगरपालिकामा दर्ता भएको कन्सलटेन्सीबाट तयार भई सहि छाप भएको घरको नक्सा-२ प्रति
७. चारकिला प्रमाणित सिफारिसको प्रतिलिपि – १ प्रति
८. निर्मित घर, टहरा, तथा पक्कि भवनको चौतर्फी फोटो – १-१ प्रति
९. निवेदकले निबेदन दर्ता गरेको १५ दिन पछि साईट निरीक्षण गरी घर अभिलेखीकरण प्रकृया अगाडि बढाईनेछ ।

पुनश्च :- घर अभिलेखीकरण गर्दा जग्गाधनी प्रमाण पुर्जामा भन्दा भवन बनेको जग्गा घटीबढी भएमा हकभोग प्रमाणित हुने कागजात, चारैतिरका संधियारहरुले सो जग्गा सम्बन्धित व्यक्तिकै हो आफ्नो होइन भनी सहीछाप गरेको सर्जमिन मुचुल्का वडा कार्यालयबाट प्रमाणित भै पेश हुन आएमा वा नापी कार्यालयबाट प्रमाणित भै पेश हुन आएमा सोही बमोजिम हुने गरी अभिलेखीकरण गरिनेछ ।

..............................

गिरीराज ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत(उपसचिव)